# मिति २०७५ भदौ ०३ गते बसेको गाउँ कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १**

घिरिङ गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७५  पारित गरियो ।

**निर्णय नं. २**

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ पारित गरियो ।

**निर्णय नं. ३**

करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ पारित गरियो ।

**निर्णय नं. ४**

गाउँपालिकाको योजना किताब पारित गरियो ।

**निर्णय नं. ५**

घिरिङ गाउँपालिकाको २०७५/०७६ का लागि स्थानीय दररेट निर्धारण गरियो ।

**निर्णय नं. ६**

सार्वाजनिक खरिद नियमावली २०६४ लागू गर्ने तथा उपभोक्ता समिति बाट हुने खरिद समेत यसै ऐन नियम बमोजिम गर्नका लागि आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

२०७५ साउन १ गते देखि २०७५ पुष मसान्त सम्मका लागि तपशिल बमोजिमका कर्मचारीहरुको करार म्याद थप गर्ने निर्णय गरियो ।

क) एक गाउँ एक प्राविधिक तर्फ कार्यरत कर्मचारीहरु

ख) IT Officer को हकमा LGCDP बाट प्राप्त अनुदानको रकमले पुग्ने सेवा सुविधा पाउने गरी करार म्याद थप गरियो ।

ग) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु

घ) पश्चिम नेपाल खानेपानी आयोजना तर्फका कार्यरत कर्मचारीहरु आयोजनाबाट प्रस्तावीत कायृक्रम कार्यानवयनका लागि समपुरक कोषबाट रु ८,६३,२००।- अक्षरुपी आठ लाख त्रिसठ्ठी हजार दुई सय मात्र रकम विनियोजन गरी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने ।

ङ) सामाजिक परिचालकको हकमा LGCDP तर्फको श्री शान्ता खनाल र श्री मेनुका थापाको २०७५ भदौ मसान्त सम्मका लागि मासिक १२०००।- अक्षरुपी बाह्र हजार मात्रका दरले आन्तरिक श्रोतबाट व्यहोर्ने गरी करार म्याद थप गरियो ।

च) गरिबसंग विशेश्वर कार्यक्रम तर्फ कार्यरत सामाजिक परिचालक श्री विमला श्रेष्ठको मासिक रु १३०००।- अक्षरुपी तेह्र हजार मात्रका दरले २०७५ पुस मसान्त सम्मका लागि म्याद थप गरियो ।

छ) करार सेवामा कार्यरत कर्मचारीहरुको चाडवाड खर्चको हकमा नेपाल सरकारको निर्णय अनुसार गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**



घिरिङ गाउँपालिका २०७५

**निर्णय नं. ८**

घर भाडा सम्बन्धी

क) सामुदायीक स्वास्थ्य इकाइ अत्रौली गडौलीटार फूलामा साविकमा दिदै आएको भाडादरमा रहने गरी पारित गरियो ।

ख) घिरिङ स्वास्थ्य चौकिको घरभाडा मासिक रु १२००।- अक्षरुपी एक हजार दुई सय मात्रका दरले पारित गरियो ।

ग) वडा नं. १,२ र ४ को हकमा आगामी बैठकमा सो प्रस्ताव पेश गर्ने गरी पारित गरियो ।

घ) पोखरीछापमा रहने ३ कोठाको मासिक रु ४०००।- अक्षरुपी चार हजार मात्र र मानपुरमा रहेको कोठाको साविकमा भुक्तानी भएको रकममा नवढ्ने गरी सम्झौता गरियो ।

ङ) वडा नं. १ को घरभाडा तर्फ आ.व. ०७४/०७५ तर्फ भुक्तानी हुन बाँकी रकम रु २६०००।- आ.व. ०७५/०७६ को घर भाडा शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

आ.व. २०७५/०७६ मा संचालन हुने योजनाहरु संचालनका लागि उपभोक्ता समिति गठन गर्न वडा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

**निर्णय नं. १०**

उपभोक्ता समितिको पदाधिकारीहरुलाई योजना अभिमुखीकरण तालिम संचालन गर्ने आवश्यक कार्य सुरु गर्ने ।

**निर्णय नं. ११**

क) गाउँ कार्यपालिकाका सदस्यहरु कार्यपालिका बैठकमा आउँदाको दिन तथा गाउँ सभा सदस्यहरु गाउँसभा बैठकमा आउँदाको दिन खाना खर्च भुक्तानी गर्ने ।

ख) गाउँपालिकाको लेखा प्रणलीलाई व्यवस्थित गर्न आ.व. ०७५/०७६ मा नेपाल सरकारबाट जारी गरिएको लेख सफ्टवेयर SUTRA लागू गर्ने ।

घिरिङ गाउँपालिका २०७५